# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल


प.सं.:- २०८२/८३
च.नं.:- २५५८

मिति : २०८३।०२।२६

श्री सामुदायिक एवम् संस्थागत विद्यालय (सबै), पञ्चकन्या गाउँपालिका, नुवाकोट।

**विषयः निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा नेपाल राजपत्रमा मिति २०८२ चैत्र २२ गते प्रकाशित सूचना, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ६७, मिति २०८२/१२/२६ गतेको निर्णय कार्यान्वयन सम्वन्धि विषयको पत्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ८७, मिति २०८३।०१।२९ गतेको निर्णय कार्यान्वयन सम्बन्धि विषयको पत्र तथा यस पञ्चकन्या गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३ जेष्ठ २५ गतेको निर्णयानुसार सम्पूर्ण शैक्षिक संस्थाहरुमा हप्तामा २ दिन (शनिबार र आइतबार) सार्वजनिक विदा हुने र अर्को निर्णय भई आएमा सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका साथै स्वीकृत पाठ्यक्रमले तोकेअनुसार कार्यघण्टालाई तपसिल बमोजिम मिलाई कार्यान्वयन गर्नु/गराउनु हुन अनुरोध छ।

**तपशिल**

१. सोमबार देखि शुक्रबारसम्म प्रत्येक दिन शिक्षक कर्मचारी विहान ९:०० बजेभित्र विद्यालयमा अनिवार्य रुपमा उपस्थित भई ९:४५ बजेसम्म कक्षागत/विषयगत सिकाइ योजना निर्माण र शैक्षणिक तयारी सहित सिकाइवस्तुको प्रकृति अनुसारको शैक्षणिक सामग्री अनिवार्य निर्माण,संकलन तथा भण्डारण गरी शिक्षण सिकाइलाई प्रभावकारी,व्यवहारिक, क्रियालापमुखी,रोमाञ्चक,वालमैत्री र विद्यार्थी केन्द्रित बनाउने।

२. हाल एउटै कक्षामा अध्यापनरत विषय शिक्षकको विचमा समेत विद्यार्थीको व्यक्तिगत सिकाइ अवस्थाको बारेमा प्रभावकारी छलफल/समिक्षा नहुने वा न्युन हुने अवस्थाको अन्त्य गरी प्रत्येक दिन ४:०० देखि ४:३० बजेसम्म सबै तहका शिक्षक र अन्तर विषयका शिक्षकबिच सबै कक्षा र सबै विद्यार्थीको सिकाइ अवस्थाको समिक्षा एवम् तत्काल र आगामी समयमा अपनाउनुपर्ने सिकाइ रणनीतिको बारेमा अनिवार्य छलफल सेमिनार सञ्चालन गर्ने।

३. विद्यार्थीको विद्यालयभित्रको पठनपाठन र सिकाइ समय ९:४५ देखि ४:०० बजेसम्म कायम गर्ने। यसै समयावधि भित्र हुने गरी विद्यार्थीको सामूहिक सभा, खाजा समय लगायतको लागि विद्यालयको परिवेश, विद्यार्थी संख्या र विद्यालयको हावापानी/मौसमी अवस्थालाई समेत ध्यानमा राखी समय व्यवस्थापन गर्ने।

४. महिनामा एक हप्ता एकिकृत पाठ्यक्रमको मर्म र ढाँचा अनुसारको बहुविषयक परियोजना/प्रयोगात्मक सप्ताह सञ्चालन गर्ने।

५. त्रैमासिक परीक्षा सञ्चालन हुने दिनहरुमा परीक्षा सकिएपछि परीक्षाको समीक्षा सहित विद्यार्थीलाई तुरुन्त पृष्ठपोषण दिने र बाँकी समय विद्यालयमै शिक्षण सिकाइ गर्ने व्यवस्था मिलाउने।

६. विद्यालयमा विद्यालय समयमा अन्य उपयोगी इन्टरनेट साइटहरू प्रयोग गर्न सकिने तर फेसबुक, टिकटक र यस्तै प्रकृतिका सामाजिक सञ्जाल प्रतिबन्ध गर्न लगाउने,सो को लागि विद्यालयले आफ्नो विद्यालयको इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी facebook र tiktok account चलाउन नसकिने गरी विद्यालयको इन्टरनेट डिभाइसको सेटिंग मिलाउन अनिवार्य लगाउने।

७. अन्य थप विषयका सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको परिपत्र अनुसार गर्ने/गराउने।

..................
धर्म राज रिमाल
वरिष्ठ विद्यालय निरीक्षक